**सम्वत् २०८१ साल मंसिर ५ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:**

१. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः प्रदेश कृषि व्यवसाय प्रवर्धन अनुदान (दोस्रो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने।

२. स्वास्थ्य मन्त्रालयः कोशी प्रदेश स्वास्थ्य सेवाका सम्बन्धमा व्यवस्था गर्न विधेयक तर्जुमा गर्ने सम्बन्धी अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

३. स्वास्थ्य मन्त्रालयः आयुर्वेद चिकित्सा सेवा, जडीबुटी शिक्षा तथा अध्ययन अनुसन्धान सम्भाव्यता अध्ययन तथा कार्ययोजना तर्जुमा कार्यदल, २०८१ को म्याद समाप्त भएको मिति २०८१।०७।१४ गते देखि लागू हुने गरी ३० कार्यदिन थप गर्ने।

**सम्वत् २०८१ साल मंसिर १४ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:**

१. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः मर्मत सम्भार तथा पुनर्निर्माण कोष सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गर्ने।

२. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः रकमान्तर स्वीकृत गर्ने।

३. खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयः नेपाल सरकार र स्वीस सरकार वीच सम्झौता भई हाल संचालनमा रहेको साना सिँचाई कार्यक्रम, दोस्रो चरण (SIP-Phase-II) को १५ जुलाई, २०२५ सम्मको समयावधिलाई तेस्रो चरण (SIP-phase-III) को तयारीका लागि जुलाई २०२६ सम्म म्याद थप गर्न नेपाल सरकार, शहरी विकास मन्त्रालयलाई सिफारिस गर्ने।

४. खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयः सुक्खा राहत स्यालो ट्यूववेल सिँचाइ विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृत गर्ने।

५. खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयः IMEP को Project Agreement मा हस्ताक्षर गर्न आधिकारिक प्रतिनिधिको रूपमा खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्रालयका प्रदेश सचिवलाई तोक्ने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

६. पर्यटन, वन तथा वातावरण मन्त्रालयः केचना-कञ्चनजङ्घा पर्यटन विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८१ स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने।

## सम्वत् २०८१ साल मंसिर २६ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरूः

१. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः आर्थिक मामिला तथा कानुन मन्त्री माननीय राम बहादुर मगरज्यूको संयोजकत्वमा चार सदस्यीय राजनीतिक तथा वार्ता समिति गठन गर्ने।

२. भौतिक पूर्वाधार विकास मन्त्रालयः कोशी रिफ्रेशमेन्ट सेन्टर परियोजनालाई सार्वजनिक निजी साझेदारी मोडेलमा सञ्चालनको लागि लगानी सम्मेलनमा प्रस्ताव पेस गर्न स्वीकृति दिने।

३. स्वास्थ्य मन्त्रालयः शैलजा आचार्य हृदय रोग केन्द्र संचालन (पहिलो संशोधन) कार्यविधि, २०८१ स्वीकृत गर्ने।

४. स्वास्थ्य मन्त्रालयः शैलजा आचार्य हृदय रोग केन्द्रको स्तरोन्नति गरी पूर्ण क्षमतामा संचालन तथा व्यवस्थापन गर्न २०८३ पौष मसान्तसम्मको लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लाई उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने।

५. अर्को व्यवस्था नभए सम्मको लागि आन्तरिक मामिला तथा कानून मन्त्री माननीय रेवती रमण भण्डारीलाई कोशी प्रदेश, प्रदेश सरकारको प्रवक्ता तोक्ने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*